नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
धनगढी, कैलाली

☎ २११०१, २१८०१, २१३०१, २१३०२

पत्र संख्या :-
चलानी नं. :- 3628

मिति: २०६६/१०/१२

विषय :- सूचना टाँसको जानकारी पठाएको ।

श्री कैलाली जिल्ला अदालत
धनगढी कैलाली

त्यस कार्यालयको च.नं. ८८६४ मिति २०६६/१०/०६ को पत्रसाथ प्राप्त सूचना १ (एक) प्रति यस कार्यालयको सूचना पाटीमा मिति २०६६/१०/१२ टाँस गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

२०६६/१०/१३

( मीना जोशी
प्रशासकीय अधिकृत)

Scanned with CamScanner

अनुसूची-२०
(नियम ५७ को खण्ड (ख) संग सम्बन्धित)

# कैलाली जिल्ला अदालत,धनगढी

## लिलाम बढाबढको सूचना

वादी जिल्ला कैलाली टीकापुर नगरपालिका वडा नं.१ ब्लक नं.२१ बस्ने सुरत बहादुर कुवँर प्रतिवादी जिल्ला कैलाली टीकापुर न.पा.वडा नं.१ बस्ने लाल बहादुर कुवँर भएको चेक अनादर मुद्दा यस अदालतका मिति २०७६/०२/१३ गतेका अन्तिम फैसला बमोजिम वादीले प्रतिवादीबाट भराई पाउने सावाँ रु.८,७२,६९९।- र भरिभराउँ हुँदासम्मको ब्याज रु.२,६०,९९३।- समेत गरी जम्मा विगो रकम रु.११,३३,६९२।- (एघार लाख तेतीस हजार छ सय बयानब्बे) प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिला गर्न समेत नल्याएको हुँदा वादीले फैसला अनुसार प्रतिवादीबाट भरिपाउने बिगो तपसिल बमोजिमको सम्पत्तिबाट भराई पाउँ भनी वादीको निवेदन परी कारवाही भई प्रतिवादीको उक्त सम्पत्ति दोस्रो पटक मिति २०७७/१०/२३ गते दिनको १२:०० बजे देखि २:०० बजेसम्म यस अदालतमा डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको बेहोरा सुचित गरिन्छ।

तपसिल

१) यस अदालतको तहसिल शाखामा मिति २०७७/१०/२३ गते दिनको १२:०० बजेदेखि दिनको २:०० बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकवोल गर्न सकिनेछ।
२) डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक बिदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।
३) कायम भएको न्यूनतम पञ्चकृते मूल्यबाट डाँक बढाबढ गर्नुपर्नेछ।
४) डाँक लिलामको बखत बोलकवोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिला गर्नुपर्नेछ। बाँकी बोलकवोल रकम डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिला गर्नु पर्नेछ। त्यसरी सात दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरिनेछ।
५) डाँक लिलाम बढाबढ हुंदा सबैभन्दा बढी अंक बोलकवोल गर्नेलाई डाँक सकार गराईनेछ।
६) डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।
७) डाँक लिलाम हुने सम्पत्तिको बिवरणः-

| जग्गाधनिको नामथर | जिल्ला | ठेगाना | कित्ता नं. | क्षेत्रफल | तर्फ | डाँक बोल्नुपर्ने न्यूनतम् मूल्य |
|---|---|---|---|---|---|---|
| पदमादेबी कुवर | कैलाली | मौरनिया गा.वि.स.वडा नं.७ | १२२५ | ०-२-० | पुरै | रु.१३,३२,०००।- (अक्षरेपी तेन्ह लाख बत्तीस हजार) |
| | | | | | कुलजम्माः- | रु.१३,३२,०००।- |

ईति सम्बत् २०७७ साल माघ महिना ०७ गते रोज ०४ मा शुभम्----------------------------------